गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था, मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, कास्की

गण्डकी प्रदेश, नेपाल

## आबेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८१/०४/३१ गते

कृषि ज्ञान केन्द्र कास्कीको आ.ब. ०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका कार्याक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा सहकारी संस्थाहरुले मिति २०८१/०६/०२ गते भित्र तोकिएको ढांचामा कार्यक्रम संचालन प्रस्ताब सहित तपसिल बमोजिमका कागजात संलग्न राखी यस कार्यालयमा निबेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचाना प्रकाशन गरिएको छ ।

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | अनुदान प्रतिशत | संख्या परिमाण | बजेट रु लाख | मापदण्ड (आवेदकले पालना गर्नुपर्ने नियमहरु) |
|---|---|---|---|---|---|
| क. | कृषक,कृषि फर्म, कृषि कम्पनि ,कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्याहरुको लागि | | | | |
| १. | फलफुल बिकास आयोजना (फलफुल बगैचा स्थापना तथा बिस्तार कार्यक्रम) | ५० | २० हे. | ३० | कृषि फर्म/कम्पनीको हक मा ३ रोपनी र कृषक समूह सहकारीको हकमा कम्तिमा १० घरपरिवार संलग्न भै कम्तिमा ३० रोपनी क्षेत्रफलमा खेति गर्नु पर्ने |
| २. | सुन्तला जात फलफुल बिकास आयोजना (सुन्तालाजात बगैचा सुदृढिकरण कार्यक्रम ) | ५० | १५ हे. | २२.५ | कृषि तथा भुमि ब्यबस्था मन्त्रालय बाट स्वीकृत मापदण्ड वमोजिम |
| २.१ | सुन्तालाजात बगैचा स्थापना तथा बिस्तार कार्यक्रम | ५० | ३ हे. | ४.५ | कृषि तथा भुमि ब्यबस्था मन्त्रालय बाट स्वीकृत मापदण्ड वमोजिम |
| ३. | बिउ उत्पादन प्रबर्धन आयोजना (आत्म निर्भरताको लागि बिउ उत्पादन कार्यक्रम) | ५० | ७ हे. | १०.५ | बिउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ अनुसार बिउ ब्यबस्थापन गर्नु पर्ने |
| ४. | मसला तथा निर्यात योग्य बालि प्रबर्धन आयोजना (मसला तथा निर्यात योग्य बालि उत्पादन प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम ) | ५० | १० हे. | २० | अदुवा, हलेदो, लसुन, प्याज, खुर्सानी आदी खेतीमा कृषि फर्म/कम्पनीको हक मा १० रोपनी र कृषक समूह सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने |
| ५. | तरकारी बालि प्रबर्धन आयोजना (व्यवसायीक तरकारी खेती सहयोग कार्यक्रम) | ५० | १पटक | ७३ | कृषि फर्म/कम्पनीको हकमा खुल्ला जमिनमा २ रोपनी वा संरचित संरचना भित्र १४० वर्गमिटर क्षत्रफलमा, कृषक समूह/ सहकारीको हकमा कम्तिमा १० घरपरिवार संलग्न भै कम्तिमा १० रोपनी वा संरचित संरचना ७०० बर्ग मिटर क्षेत्रफलमा खेती गर्नु पर्ने |
| ६. | उत्कृष्ट कृषकलाइ पुरस्कृत गर्ने | उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड २०७९ बमोजिम | | | |
| ख. | कृषि फर्म, कृषि कम्पनि ,कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्था हरुको लागि | | | | |
| १. | खाद्यान्नबाली प्रबर्धन आयोजना (खाद्यान्न बाली उत्पादन प्रबर्धन कार्यक्रम) | ७५-८५ | २० हे. | २० | कम्तिमा १० घरपरिवार संलग्न भै कम्तिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने |
| २. | रैथानेबाली प्रबर्धन आयोजना(रैथाने बालीको प्रशोधन तथा बजारीकरण प्रबर्धन कार्यक्रम) | ५० | १० पटक | २० | रैथाने बालीको बजारीकरण सहयोगको लागि कार्यक्रम संचालन गर्न सकिनेछ । |
| २.१ | रैथाने बाली उत्पादन प्रबर्धन कार्यक्रम | वढिमा ८५ | ३० हे | ३० | कोदो, जौ, उवा, जुनेलो, कागुनो बालीको १० घरपरिवार संलग्नभै कम्तिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने |
| ३. | ग्रामिण पोषण कार्यक्रम | बढीमा ९० | ४ पटक | २० | कम्तिमा २५ घरपरिवार संलग्न संलग्न भै खाद्य तथा पोषण सुरक्षा सुनिश्चिताका लागि बिबिध कार्यक्रम संचालन गर्नु पर्ने |
| ४. | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रबर्धन आयोजना | ७५-८५ | ८० हे. | १०९.६ | कम्तिमा १० घरधुरी संलग्न भै ३० रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्ने |

आवश्यक कागजातहरु :

१. निबेदन तथा प्रस्ताब ।
२. सम्बन्धित स्थानीय तह तथा वडा कार्यलयको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको ।
३. खेति गरिने जगाको जग्गाधनी लालपुर्जा वा करार सम्झौताको प्रतिलिपि ।
४. कृषक समूह, सहकारी र कम्पनीको हकमा कार्यसमितिको बैठक प्रतिलिपि,संस्था दर्ता/नबिकरण प्रमाणपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा कर चुक्ता प्रामाण पत्र ।
५. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी स्वीकृत एकिकृत कार्यविधि २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालयको गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धि स्वीकृत/ संशोधित मापदण्डमा भएको व्यवस्था अनुसारमात्र लागु हुनेछन्। उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन ।

प्रमुख

थप जानकारीको लागि: कृषि ज्ञान केन्द्र कास्की ०६१-४५१२५०,
९८५६०२८४४४, ९८५६००१३४४, ९८५७६२१३४१ र ९८५६०३७४३५

CamScanner